गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, नेपाल

सूचना नं.: ०१/०८२/८३

मितिः२०८२/०९/२३

## गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी सूचना।

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २८ बमोजिम तपसिलको योग्यता र सेवा अवधि पूरा गरेका यस मन्त्रालय र अन्तरगतका कार्यालयहरुमा कार्यरत इच्छुक कर्मचारीहरुले मन्त्रालयको वेवसाइट mopid.gandaki.gov.np मा राखिएको अनुसूचि १९ डाउनलोड गरी उल्लेखित विवरण खुलाई दुई प्रति नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित गराई मिति २०८२/०९/३० गतेभित्र यस मन्त्रालयको कर्मचारी प्रशासन शाखामा बुझाउनु हुन अनुरोध गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, रित नपुगी पेश भएका आवेदकलाई तहवृद्धिको प्रक्रियामा सहभागी नगराइने बेहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल**

तहवृद्धिको लागि योग्यताको विवरण

- हालको तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेको
- तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदको लागि ऐनले तोकेको शैक्षिक योग्यता भएको
- पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्यांकनमा कम्तिमा पन्चानब्बे प्रतिशत औषत अंक प्राप्त गरेको
- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको।

**इच्छुक कर्मचारीले आवेदनका साथ खुलाउनु पर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरणः**

- तोकिएको फारामको महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलेको आवेदन फाराम-२ प्रति।
- शुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी-२ प्रति।
- तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपी -२ प्रति।
- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशमा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपी र पदस्थापनाको प्रमाणित प्रतिलिपी-२/२ प्रति।
- पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्यांकन फारम।
- कर्मचारीको वैयक्तिक विवरण (PIS)।
- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ मा तोकिएबमोजिमको न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।
- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको स्वघोषणा ।

मुना अधिकारी
उपसचिव